जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०४५ | २०८२ साल असोज ११ गते शनिवार | Saturday-27-September-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## चन्द्रनिगाहपुरमा खुला देहव्यापार, नियमनकारी निकाय मौन रहेको स्थानीयको आरोप

***शु. आ. सम्बाददाता***
***रौतहट, १० असोज***

जिल्लाको चन्द्रपुर नगरपालिका स्थित टेकान बसपार्क अगाडि लामो समयदेखि खुलेआम रूपमा देहव्यापार सञ्चालन भइरहेको घटनाप्रति स्थानीयवासीले गम्भीर आक्रोश व्यक्त गरेका छन्। यस प्रकारको गैरकानुनी कार्यले सामाजिक परिवेश बिग्रँदै गएको र युवापुस्तामा नकारात्मक असर परिरहेको भन्दै स्थानीयले प्रहरी प्रशासन तथा जनप्रतिनिधिहरूको भूमिकाप्रति प्रश्न उठाएका छन्।

प्रहरी प्रशासनमाथि 'संगठित मिलेमतो'को आरोप



स्थानीयवासीका अनुसार करिब १०-१५ दिनअघि नै देहव्यापार नियन्त्रणका लागि सामूहिक रूपमा प्रमाणसहित प्रहरीसमक्ष उजुरी दिइएको थियो। तर, लामो समय बितिसक्दा पनि कुनै ठोस कारबाही अघि नबढेको भन्दै उनीहरू प्रहरी प्रशासन र जनप्रतिनिधिप्रति निराश बनेका छन्। एक स्थानीयले भने, "हामीले प्रमाणसहित उजुरी दिएका थियौं, तर प्रहरीबाट कुनै पहल नभएको देख्दा

बाँकी तेश्रो पृष्ठमा

## भिझभिझया जोगाउन नसके मधेशको मौलिकता हराउने खतरा

***राजकुमार यादव***
***रौतहट, १० असोज***

मधेश तराईको ऐतिहासिक र मौलिक सांस्कृतिक सम्पदा झिझिया लोप हुने अवस्थामा पुगेको छ। दसैं दुर्गा पूजाको अवसरमा महिलाहरूले रातभरि सिरमा मट्कोमा घिउको दियो बालेर गीत नृत्य गर्ने यो परम्परा मधेशका गाउँ बस्तीमा निकै लोकप्रिय थियो।



तर पछिल्ला वर्षहरूमा आधुनिकता, प्रविधिको मोह र सांस्कृतिक चासोको कमी का कारण झिझिया क्रमशः हराउँदै गएको स्थानीय बासिन्दाहरू बताउँछन्। पहिले जहाँ बस्तीभरिका महिलाहरू सामूहिक रूपमा सहभागी हुने गर्थे, अहिले भने यो परम्परा थोरै ठाउँमा मात्र सीमित भएको देखिन्छ।

संस्कृतिविद्हरूका अनुसार झिझिया केवल नाचगान मात्र नभई सामूहिकता, आस्था र सामाजिक एकताको प्रतीक हो। यसलाई जोगाउन सकिएन भने मधेश तराईको मौलिक पहिचानकै महत्वपूर्ण हिस्सा हराउने गम्भीर खतरा बढ्दै गएको छ। स्थानीय सरोकारवालाहरूले सरकार, सांस्कृतिक संघ संस्था र समुदायबीच सहकार्य गरेर झिझियालाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। उनीहरूका भनाइमा, समयमै पहल नभए मधेश तराईको मुख्य सांस्कृतिक सम्पदा पुस्तौं पुस्तासम्म पुऱ्याउन सकिने छैन।

## कलैया अस्पतालमा औषधि अभाव भएकाले स्वास्थ्य कार्यालय बाराले दियो ४८ हजार पारासिटामोल

***साजिर मन्सूर***
***कलैया, १० असोज***

प्रादेशिक अस्पताल कलैयामा अहिले सामान्य मानिने औषधि पारासिटामोल र जीवन जल समेत नरहेको समाचार प्रसारण भएपछी स्वास्थ कार्यालय बाराले प्रादेशिक अस्पताल कलैयालाई विभिन्न औषधि सहयोग गरेको छ। पारासिटामोल ४८ हजार पिस ,जीवन जल १२ सय प्याकेट, एमपि स्लिन ५० वटा,पेन्टाफास्ट ट्याबलेट ११ हजार दुई सय पिस , डेक्स्ट्रोज २५ वटा, सेक्ट्राजोन १ सय पिस, मेट्रन्डाजोल ट्याबलेट ८ हजार पिस



अस्पतालको स्टोर सहायक मनोज

बाँकी तेश्रो पृष्ठमा

करैयामाई गाउँपालिका
Karaiyamai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipality Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)

### ५०% अनुदानमा हाईब्रिड जातको मकैको विउको लागि आवेदन दिने सम्बन्धि सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/१० गते)

श्री कृषक, कृषि सहकारी र कृषक समुह, (वडा नं. १,२,४,५,६,७ र ८ )
करैयामाई गाउँपालिका, करैया, बारा

प्रस्तुत विषयमा करैयामाई गाउँपालिका अन्तर्गत कृषि शाखाको आ.ब.०८२/०८३ को गाउँपालिका स्तरीय अनुदान कार्यक्रम अनुसार हाईब्रिड जातको मकैको विउ वितरण सम्बन्धमा कृषि विकास समितिको मिति २०८२/०६/१० गते को निर्णयानुसार ५०% अनुदानमा हाईब्रिड जातको मकैको विउवितरण कार्यक्रम संचालनको लागि करैयामाई गाउँपालिका वडा नं. १,२,,४,५,६,७ र ८ लाई छनौट गरिएको जानकारी गराउदै सो कार्यक्रमको लागि तपसील मध्येबाट हाईब्रिड मकैको विउ वितरण गर्नको लागि मांग संकलन गर्नु पर्ने भएकोले वडा नं.१,२,४,५,६,७ र ८ का कृषक , कृषि सहकारी र कृषक समुहहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित कति क्षेत्रमा कुन जातको मकै लगाउने हो सोको परिमाण खुलाई तोकिएको निवेदनको ढाँचामा करैयामाई गाउँपालिका कृषि शाखामा आवेदन पेश गरि दिनुहुन जानकारी गराईन्छ।

**मकैको जातः-**

| |
|---|
| डिकेसी ९०८१ |
| TMMH २८५८ |

**निवेदनसाथ पेश गर्नु पर्ने आवश्यक कागजातहरुः-**

१. कृषि शाखाले तोकेको ढाँचामा आवेदन।
२. नागरीकताको प्रतिलिपि।
३. लालपुर्जाको प्रतिलिपि।
४. अरुको जग्गामा मकै खेती गरिनेमा जग्गाको करारनामा ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
६. हालको मालपोत तिरेको रसिद ।
७. कृषक समूह ,कृषि सहकारीहरु संस्थाहरुको हकमा लेटरप्याडमा निवेदन साथै दर्ता प्रमाणपत्र,करचुक्ता र बैठकको निर्णयको प्रतिलिपि।

**सम्पर्क कर्मचारीः-**
ओमप्रकाश ठाकुर(कृषि अधिकृत)- ९८४५०१४८६०
मधु चौधरी(कृषि प्राविधिक) - ९८४५४३५२५३

प्रमुख प्रशासकीय अधिकृत

## लोकतन्त्र आएपनि अपाङ्गहरुको अवस्था दैनिय : उपाध्यक्ष पासवान

***पवन प्रसाद साह***
***वीरगंज, १० असोज***

देशमा लोकतान्त्रिक व्यवस्था आएर करिब दुई दशक बितिसक्दा पनि अपाङ्ग व्यक्तिहरूको अवस्था अझै दैनिय भएको राष्ट्रिय स्वयम सहायता तथा सहकारी समूहका राष्ट्रिय उपाध्यक्ष बिजय पासवानले बताएका छन्।



उनका अनुसार संविधानले समान अधिकार र अवसर सुनिश्चित गरे पनि व्यवहारमा अपाङ्ग समुदायले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक पहुँचमा पर्याप्त सुविधा पाउन सकेका छैनन्।

"लोकतन्त्र भनेको सबै नागरिकलाई समान अधिकार दिलाउने र उनीहरूको आवाज सुन्ने व्यवस्था हो। तर आज पनि धेरै अपाङ्ग दाजुभाइ-दिदीबहिनीहरू आधारभूत शिक्षा, उपचार र रोजगारीबाट वञ्चित छन्। उनीहरूको आवाज अझै पनि राज्यका नीति तथा योजनामा प्राथमिकतामा पर्न सकेको छैन," पासवानले भने।

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


# सम्पादकीय..........

## कार्की आयोगमाथि गहन जिम्मेवारी

अन्तरिम सरकारले भदौ २३ गते जेनजी आन्दोलनमाथि भएको दमन र २४ गतेको विध्वंसबारे छानबिन गर्न विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा विज्ञानराज शर्मा र विश्वेश्वर भण्डारी सदस्य रहेको जाँचबुझ आयोग गठन गरेको छ । सो आयोगले मानवीय र भौतिक क्षतिको विवरण संकलन गर्ने निर्णयसहित बिहीबारदेखि काम सुरू गरिसकेको छ । आयोगले ७५ व्यक्तिको ज्यान जानेगरी भड्किएको हिंसा र राष्ट्रिय तथा व्यक्तिगत सम्पत्तिमाथि भएको क्षतिको निष्पक्ष र वस्तुनिष्ट छानबिन गरी प्रतिवेदन बुझाउनुपर्नेछ । जाँचबुझ प्रतिवेदनका आधारमा सरकारले घटनामा दोषीमाथि कारबाही गरे मात्र यस्ता आयोगको औचित्य पुष्टि हुनेछ ।

भदौको अन्तिम साताका दुई दिन संघीय राजधानी काठमाडौं र देशभर जेजस्ता घटना भए, ती सतहमा देखिएजस्तो मात्र पक्कै छैन । युवा पुस्ताको आन्दोलनलाई गृह प्रशासनले सुरुमा नजरअन्दाज गरियो भनेपछि स्थिति नियन्त्रणबाहिर गएपछि अस्वाभाविक बल प्रयोग भएको देखिन्छ । निषेधित क्षेत्रमा नजानेगरी सुरू भएको प्रदर्शन ढुंगामुढा गर्दै अघि बढेर संघीय संसद् भवन तोडफोड र आगजनी प्रयास गरेपछि प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा ठुलो मानवीय क्षति हुन पुगेको थियो । प्रहरीले प्रदर्शनको मूल्यांकन, विश्लेषण र पूर्वतयारी गर्न नसक्दा कलिला युवाहरुले अनाहकमा ज्यान गुमाए । त्यो घटना जति दुःखदायी र दण्डनीय छ, भदौ २४ गतेको विध्वंसले त्यो सन्तुष्टि र आक्रोश जेनजी आन्दोलनकारीको मात्र हो वा गम्भीर षडयन्त्र भन्ने छुट्ट्याउन मुस्किल पारेको छ । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की स्वयंले नेपालीले यस्तो काम गर्नै नसक्ने टिप्पणी गर्दै गम्भीर षडयन्त्रको आशंका व्यक्त गरेकी छन् । राष्ट्रिय सम्पदाका रुपमा रहेको सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनदेखि देशभरका सरकारी अड्डा-अदालत एकै दिनमा स्वाहा पारिएको थियो । नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीले आआफ्ना मुख्यालयबाहेक अरु राष्ट्रिय तथा निजी सम्पत्तिको सुरक्षा गर्न सकेनन्, लुटपाट र आगजनीको रमिते मात्र बने । यी अकल्पनीय घटनाक्रमको गहिरो अनुसन्धान नगरी वास्तविकता बाहिर आउँदैन ।

अस्वाभाविक दमन र अकल्पनीय विध्वंसको सत्य-तथ्य, निष्पक्ष जाँचबुझ बाहिर ल्याउने जिम्मेवारी विगतमा निष्पक्ष र इमानदार न्यायाधीशको परिचय बनाएका कार्कीको काँधमा छ । २०४६ साल होस् वा २०६२/६३ का जनआन्दोलनमा भएका दमनबारे पनि जाँचबुझ आयोग बनेका थिए । ती आयोगका प्रतिवेदन पूर्णरुपमा कार्यान्वयन भएन । जसका कारण दण्डहीनताले मौलाउने मौका पायो । यसपटक त्यस्तो नहोस् । युवा आन्दोलनमाथिको दमन र जेनजीको काँधमा बन्दुक राखेर अर्को दिन गरिएको षडयन्त्रपूर्ण विध्वंसका दोषी उम्किन नपाउन् ।

# “सप्तकोशी नगरपालिका : जिम्मेवारी कहाँ हरायो?“




सप्तकोशी नगरपालिका, जसलाई वडादेखि मेयर सम्मका जनप्रतिनिधिहरूले ‘विकासको नमुना’ बनाउने ठूला-ठूला वाचा गरेका थिए, आज समस्या, बेथिती र जनगुनासोको थुप्रोमा फँसिरहेको छ। जनताले आफ्नो जीवनमा भोगिरहेका समस्या सूचीबद्ध गर्दा दर्जनौं बुँदामा पुग्छ, तर समाधान भने कागजमा मात्र सीमित भएको नागरिकको भनाइ छ।

*अध्यारो नगर, उज्यालो भाषण*

नगरभित्रका बत्तीका पोलहरू सुन्दर देखिन्छन्, तर धेरै ठाउँमा राति अन्धकार छाउने गरेको छ। अन्धकारले अपराधलाई निम्त्याउँछ, दुर्घटनाको जोखिम बढाउँछ । नागरिक प्रश्न गर्छन्–“बत्ती किन जडान गर्ने, जब बल्ने नै छैन?” तर नेतृत्व भाषणमा भने नगरलाई ‘उज्यालो शहर’ को संज्ञा दिन भ्याउँछन् ।

*सरसफाइ भाषणमा मात्र*

सडकमा प्लास्टिक, गुट्खा, बियरका बोतल, चाउचाउका खोल सहजै देखिन्छन्। नगरपालिकाले ‘हाम्रो शहर, सफा शहर’ भन्ने नारा घन्काउँछ, तर व्यवहारमा सफाइ अभियान कागजमै सीमित छ । नागरिकहरूका लागि दुर्गन्ध र फोहोर दैनिक दुःखको कारण बनेका छन् ।

*सडक कब्जा र निजीकरण*

सार्वजनिक बाटो सबैको साझा सम्पत्ति हो। तर सप्तकोशी नगरभित्र भने यो साझा सम्पत्ति निजी प्रयोगमा परिणत भएको छ। कोही मकै-धान सुकाउँछन्, कोही बालुवा-गिट्टी, रड, इट्टा थुपार्छन् । नागरिकलाई हिँड्न, यात्रुहरुलाई आवागमन गर्न मुस्किल हुन्छ। बाटोमा हिँड्दा ‘सडक जनता होइन, व्यक्तिगत प्रयोगको लागि हो’ भन्ने अनुभव हुने अवस्था छ ।

*दुर्घटनाको शहर*

सवारी साधनहरू हावामा उडेजस्तो गतिमा गुड्छन् । ट्राफिक नियमको पालना कमजोर छ, निगरानी प्रायः देखिँदैन । परिणाम–दिनहुँ दुर्घटना, निर्दोषको ज्यान गुम्ने अवस्था। जनताले भनेको छ–“दुर्घटना नियतिको कारण होइन, सरकारी बेवास्ताको परिणाम हो ।”

*रोजगार संकट र पलायन*

साना खाल्डा-खुल्डीले मात्र होइन, रोजगारी नहुँदा युवाको भविष्य पनि खाडलमा खसिरहेको छ। लाखौं खर्च गरेर इन्जिनियर र डाक्टर बनेका युवाले पनि रोजगारी नपाउँदा वैदेशिक पलायन गर्न बाध्य भएका छन् । नगरपालिकाले रोजगार सिर्जना गर्ने भन्ने भाषण त गर्छ, तर व्यवहारमा युवालाई ‘विदेशिनु’ नै समाधान देखाइएको छ ।

*शिक्षा : संख्या छ, गुणस्तर छैन*

विद्यालयमा विद्यार्थी छन्, शिक्षक छन्, भवन पनि छ । तर गुणस्तर छैन । जनताले भनेको छ–“शिक्षा प्रणाली केवल उपस्थितीमा सीमित छ, परिणाम शून्य ।” शिक्षा शाखा किन मौन छ भन्ने प्रश्न उठिरहेको छ।

*बजारमा मनपरी*

बजारमा कालोबजारी खुलेआम छ । उपभोक्तालाई मनपरी लुटिन्छ, मूल्यवृद्धि नियन्त्रणबाहिर छ । अनुगमन समितिहरू बनेका छन्, बैठक बस्छन्, तर बजारमा प्रत्यक्ष उपस्थिती कम हुन्छ । नागरिकहरू निराश छन्–




“सरकार र समिति निदाएको बेला व्यापारीले मुनाफा बढाउने मौका पाएका छन् ।”

*निर्माण र भ्रष्टाचार*

नगरमा भइरहेका निर्माण काम गुणस्तरीय छैनन् । सडक, भवन, नाली–सबैमा ढिलासुस्ती, लापरबाही र बजेटको दुरुपयोग भएको स्थानीयले बारम्बार देखाएका छन् । तर भ्रष्टाचारमा कारबाही कसैलाई नहुँदा बेथिती मौलाउँदै गएको छ ।

दशैंको अध्यारो र नागरिकको पीडा

नेपालीहरूको महान् चाड दशैं अहिले चलिरहेको छ। यस समयमा उज्यालो, सफा, सुरक्षित नगरको अपेक्षा हुन्छ। तर कतिपय गाउँ-नगर अझै अध्यारोमा डुबिरहेको छ । यस्तो समयमा पनि जिम्मेवार निकाय मौन रहनु नागरिकका लागि थप दुःखदायी भएको छ ।

*जनताको प्रश्न स्पष्ट छ*

अब जनताले प्रत्यक्ष प्रश्न गरिरहेका छन

= “यो मौनता किन?”

= “समस्या देख्दा पनि समाधान नगर्ने हो भने जनप्रतिनिधिको अस्तित्वको अर्थ के?”

= “मेयर साब र वडाध्यक्षहरू कुर्सी सजावटका लागि बस्ने कि जनताको सेवा गर्ने?”

*निष्कर्ष*

जनप्रतिनिधि हुनु केवल पद होइन, जिम्मेवारी हो । सप्तकोशी नगरपालिका स्रोत, साधन र जनशक्ति भएको नगर हो। तर परिणाम किन देखिँदैन? उत्तर छ–इच्छाशक्ति र सक्रियताको कमी।

*जनताको माग स्पष्ट छ :*

=आश्वासन होइन, प्रत्यक्ष काम।

=कुर्सीमा मात्र होइन, सडकमा पनि जनप्रतिनिधिको उपस्थिती।

= भ्रष्टाचारविरुद्ध कठोर कदम।

= कालोबजारी नियन्त्रण र जनतालाई राहत। इतिहासले समस्या देखेर मौन बस्ने नेतृत्वलाई कहिल्यै माफ गर्ने छैन । सप्तकोशी नगरपालिकाले अब समयमै आफ्ना कमजोरी सुधारेन भने ‘विकासको नमुना’ होइन, ‘बेथितीको नमुना’को रूपमा चिनिनुपर्ने जोखिम बढ्दो छ ।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर – १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७

इंडियन नं :– +91 8935959150

सम्पर्क स्थान :– जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

परोहा नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

परोहा नगरपालिकाको कार्यालय, लौकाहा, रौतहट

॥समृद्ध नेपाल, सुखी नेपाली’ दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# ट्रम्पको नयाँ शुल्क घोषणा : औषधि, ठूला ट्रक र फर्निचरमा कर

***एजेन्सी-*** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार आफ्नो विश्वव्यापी व्यापार युद्धलाई पुनर्जीवित गर्दै औषधि, भारी ट्रक, घर नवीकरण सामग्री र फर्निचरमा उच्च कर लगाउने घोषणा गरेका छन् ।

गत अप्रिलमा विश्वभरका प्रायः सबै अमेरिकी व्यापारिक साझेदारहरूलाई लक्षित गर्दै पारस्परिक भन्सार शुल्क घोषणा गरेपछि यो ट्रम्पको सबैभन्दा कठोर व्यापारिक कदम हो ।

अक्टोबर १ देखि सुरु हुने नयाँ नीतिअनुसार अमेरिकामा उत्पादन नभएका ब्रान्डेड वा प्याटेन्टेड औषधि उत्पादनमा शतप्रतिशत प्रतिशत भन्सार शुल्क लगाइनेछ ।

राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममार्फत घोषणा भने, 'जबसम्म कुनै कम्पनीले अमेरिकाभित्र औषधि कारखाना निर्माण गर्दैन, त्यस्तो उत्पादनमा कर अनिवार्य हुनेछ ।'

यस कदमको कडा आलोचना अस्ट्रेलियाबाट आएको छ । सन् २०२४ मा मात्रै अस्ट्रेलियाले अमेरिकामा करिब एक अर्ब ३५ करोड



डलर मूल्यका औषधि निर्यात गरेको संयुक्त राष्ट्रसङ्घको कमट्रेड डाटाबेसले देखाउँछ। अस्ट्रेलियाका स्वास्थ्यमन्त्री मार्क बटलरले शुक्रबार प्रतिक्रिया दिँदै भने, 'उच्च दरहरूले अमेरिकी उपभोक्तालाई हानी पुऱ्याउँछन्, यद्यपि अस्ट्रेलियाली निर्यातकर्ताले स्वतन्त्र व्यापारबाट लाभ उठाइरहेका छन् ।'

औषधिपछि ट्रम्पले ट्रक उद्योगलाई लक्षित गरे ।

उनले भने, 'पिटरबिल्ट, केनवर्थ, फ्रेटलाइनर, म्याक ट्रक र अन्य अमेरिकी उत्पादकलाई सहयोग गर्न हामी विश्वका अन्य देशमा बनेका सबै भारी ट्रकमा २५ प्रतिशत भन्सार शुल्क लगाउँछौं ।' यसले स्विडेनको भोल्भो र जर्मनीको डेमलर (फ्रेटलाइनर, वेस्टर्न स्टार ब्रान्ड) जस्ता विदेशी कम्पनीलाई प्रत्यक्ष असर पुऱ्याउनेछ । युरोपमा सेयर बजार खुल्दा दुवै कम्पनीको मूल्य तीव्र रूपमा घटेको छ। राष्ट्रपतिले यो कदमलाई 'राष्ट्रिय सुरक्षा' सँग जोड्दै यस वर्षको सुरुमा सुरु गरिएको धारा २३२ अनुसन्धानलाई आधार बनाए। उक्त प्रावधानले राष्ट्रपतिलाई आयातले राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याएको ठहरिएमा भन्सार शुल्क वा प्रतिबन्ध लगाउने अधिकार दिन्छ । ट्रम्पले यसलाई बारम्बार प्रयोग गर्दै अमेरिकी उत्पादनलाई मजबुत बनाउन खोजेका छन् ।

यसै क्रममा, ट्रम्पले घर नवीकरणका सामानलाई पनि करको दायरामा ल्याएका छन् । उनले घोषणा गरे, 'अक्टोबर १ देखि सबै किचन क्याबिनेट, बाथरुम भ्यानिटी र सम्बन्धित उत्पादनमा ५० प्रतिशत करका साथै साथै अपहोल्स्टर्ड फर्निचरमा ३० प्रतिशत कर लगाइनेछ ।' अमेरिकी अन्तर्राष्ट्रिय व्यापार आयोगका अनुसार सन् २०२२ मा फर्निचरको कुल बिक्रीमध्ये ६० प्रतिशत आयातमा आधारित थियो । यसमा ८६ प्रतिशत काठको फर्निचर र ४२ प्रतिशत अपहोल्स्टर्ड फर्निचर बाहिरबाट आयात भएको थियो ।

घोषणापछि आयातमा निर्भर वेफेयर र विलियम्स सोनोमा जस्ता खुद्रा कम्पनीहरूको सेयर तत्काल घटेको छ ।

## चन्द्रनिगाहपुर....

निराश भएका छौं ।"

स्थानीयको यो निराशा अहिले प्रहरी प्रशासनको ढिलासुस्तीलाई 'संगठित मिलेमतो'को सङ्केतका रूपमा व्याख्या गर्न पुगेको छ । केही युवाले यो विषयलाई सामाजिक सञ्जालमार्फत समेत सार्वजनिक गरेका छन्, जसले गर्दा घटनाले थप चर्चा पाएको छ ।

घर भाडामा लिएर देहव्यापार

द युनिटी अफ टेकान क्लबका अध्यक्ष सोम गुरुङ का अनुसार सन्तपुरकी एक महिलाले टेकान बसपार्क छेउमा कोठा भाडामा लिएर झन्डै एक दर्जनभन्दा बढी किशोरीलाई राखी लामो समयदेखि देहव्यापार गराउँदै आएकी छिन् । अध्यक्ष गुरुङले घटनाको प्रकृतिबारे जानकारी दिँदै भने, "पहिले ती किशोरीलाई होटल-रेस्टुरेन्टमा पठाइन्थ्यो, तर पछिल्लो समय उनले आफ्नै कोठामा पुरुष ग्राहक बोलाएर व्यवसाय गर्दै आएकी छिन् ।"

यसप्रकारको विकृतिले सिङ्गो समाजमाथि गम्भीर असर पारिरहेको उनको भनाई छ। उनले यस विषयमा आँट गरेर भिडियो सामाजिक सञ्जाल फेसबुकमा राखेको र भिडियो हटाउन दबाब आए पनि नहटाएको जानकारी दिएका छन् ।

प्रहरीको प्रतिबद्धताः छिट्टै कानुनी कारबाही गरिने

यता, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजु कार्कीले यस्ता गैरकानुनी गतिविधि रोक्न प्रहरी सक्रिय रहेको दाबी गरेका छन् । उनले उजुरीका आधारमा आवश्यक प्रमाण सङ्कलन र निगरानी भइरहेको बताउँदै दोषीलाई कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता जनाएका छन् । डीएसपी कार्कीले भने, "उजुरीका आधारमा आवश्यक प्रमाण सङ्कलन र निगरानी भइरहेको छ। छिट्टै कानुनी कारबाही अघि बढाइनेछ ।"

यद्यपि, स्थानीयवासीहरू भने प्रहरीको यो आश्वासनप्रति तत्काल विश्वस्त हुन सकेका छैनन् । उनीहरूको भनाइ छ कि संवेदनशील क्षेत्र मा रहेको बसपार्क अगाडि नै यस्ता गैरकानुनी गतिविधि चल्नु प्रशासनिक कमजोरीको स्पष्ट उदाहरण हो । समाजमा खुला रूपमा भइरहेको यो विकृतिले स्थानीयको दैनिक जीवनमा समेत नकारात्मक प्रभाव पारेको हो ।

सामाजिक विकृति र कानुन कार्यान्वयनमा देखिएको ढिलासुस्तीका कारण चन्द्रनिगाहपुरको सामाजिक वातावरण थप तनावग्रस्त बनेको छ, र अब प्रहरी प्रशासनले कहिले ठोस कदम चाल्छ भन्ने प्रतीक्षामा स्थानीयवासीहरु छन् ।

# नेशनल मोडेल एकेडेमी नौतन बारामा दशैं, तिहार र छठ पर्वको अवसरमा भव्य सांस्कृतिक कार्यक्रम

***पवन प्रसाद साह***
***वीरगंज, १० असोज***

नेशनल मोडेल एकेडेमी, नौतन बाराले यस वर्षको दशैं, तिहार र छठ पर्वको अवसरमा विद्यालय परिसरमै भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा बालबालिकाले आफ्ना भेषभूषा र विविध प्रस्तुतिबाट सांस्कृतिक झल्को मात्र देखाएनन्, उनीहरूले परम्परा, मूल्य र संस्कृतिप्रतिको आस्था झन् प्रगाढ बनाएका छन् ।

कार्यक्रममा विद्यार्थीहरूले लोकगीत, नृत्य, नाटक र कवितामार्फत नेपाली समाजका परम्परागत संस्कारलाई उजागर गरे ।

आ-आफ्नो भेषभूषामा सजिएका बालबालिकाले गाउँघरदेखि शहरसम्मका सांस्कृतिक रूप देखाउँदा उपस्थित अभिभावक, शिक्षक र समुदायका सदस्यहरू उत्साहित बने । विद्यालयका प्राचार्यले विद्यार्थीलाई संस्कृति र शिक्षाको सन्तुलनमा अघि बढाउन यस्ता कार्यक्रमले ठूलो योगदान




गर्ने बताएका छन् । उहाँले बालबालिकाले पुस्तौंदेखि आएका संस्कारलाई आत्मसात गर्दै अगाडि बढ्नु समाजका लागि सकारात्मक उदाहरण भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा विद्यालय परिवार, अभिभावक र स्थानीय समाजका अगुवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। वातावरण रमाइलो, रंगीन र उत्साहजनक बनेको सहभागीहरूले अनुभव गरेका छन् ।

## कलैया.........

यादवलाई हस्तान्तरण गरिएको स्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश यादवले जानकारी दिएका छन् । प्रादेशिक अस्पताल कलैयाका मेसु डा.अजय गुप्ताले अहिले अस्पतालमा यी औषधिको अभाव भएका बेला स्वास्थ्य कार्यालयले उपलब्ध गराएकोमा धन्यवाद दिए । प्रादेशिक अस्पताल भनिए पनी पछिल्लो समय अस्पतालमा औषधि पाउन बन्द भएपछि सेवाग्राही आक्रोश पोख्दै आएका थिए । मधेस प्रदेश सरकारको ढिलासुस्तीले कहिल्यै पनि समयमा औषधि खरिद हुन नसक्दा आम नेपाली जनताले राज्यले निशुल्क दिने भनेको औषधि पनि पाउन सकेका छैनन । प्रादेशिक अस्पतालमा आउने प्राय जस्तो बिरामी औषधि नमिल्दा आक्रोसित हुने गरेका छन । उनिहरुले अस्पतालमा निशुल्क आउने औषधि बाहिर बिचिने गरेको आरोप लगाएका छन । संबंधित निकाय समेत अचेत बन्दा प्रादेशिक अस्पताल झन झन दयनिय बन्दै गएको नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले बताएका छन ।

## लोकतन्त्र.....

उनी भन्छन्, सरकारी निकायले अपाङ्गमैत्री भवन, यातायात, स्वास्थ्य सेवा र रोजगारीप कार्यक्रमको घोषणा गरे पनि कार्यान्वयनमा कमजोरी छ। "घोषणा र कागजी योजना मात्रै भएर केही हुँदैन। व्यवहारमै परिवर्तन ल्याउने गरी ठोस कदम चाल्न आवश्यक छ," उनले जोड दिए ।

पासवानले अपाङ्ग व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन अपाङ्गता भत्ता वृद्धि,सीपमूलक तालिम, सहुलियतपूर्ण कर्जा, रोजगारीमा आरक्षण र अपाङ्गमैत्री पूर्वाधार विकास गर्न आग्रह गरे। साथै, स्थानीय तहदेखि केन्द्रसम्म सबै निकायले अपाङ्गको आवाज सुन्ने र कार्यान्वयनमा जोड दिनुपर्ने उनको भनाइ छ । उनका अनुसार अपाङ्ग समुदायलाई 'सहायता लिनुपर्ने वर्ग' भनेर मात्र हेर्ने दृष्टिकोण परिवर्तन गरी 'समान योगदान दिन सक्ने नागरिक' भनेर स्वीकार नगरेसम्म लोकतन्त्रले वास्तविक अर्थमा सबैलाई समेट्न सक्दैन ।







तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# धोबिनीको गाउँ सभा दुई दिनभित्र नगरे भएन तालाबन्दी गर्ने शिक्षक महासंघ गापा अध्यक्ष मियाँको चेतावनी

***राजन कुमार बानिया***
***पर्सा, १० असोज***

पर्साको धोबिनी गाउँपालिकाको गाउँसभा शनिबार भित्र नभए आईतबारदेखि गाउँपालिकामा ताला बन्दी गर्ने नेपाल शिक्षक महासंघ धोबिनी गापा अध्यक्ष आरिफ मियाँले चेतावनी दिएका छन । धोबिनी गाउँपालिकाको गाउँ सभा अँझै हुन नसकेकोले गाउँपालिका भरीका कर्मचारीहरु तलब खान बाट बंचित भएका छन । हिन्दुहरुको महान पर्वको रुपमा रहेको चाडपर्व बिजयादशमी चलिरहेको अवस्थामा पनि गाउँपालिमाका अध्यक्ष चौहान र उपाध्यक्ष लगायतका जनप्रतिनिधिहरुको भागभन्डा नमिलेको कारण गाउँसभा हुन् नसकेको कारण गाउँपालिकाका सम्पुर्ण काम काज थप भएको छ । धोबिनी गाउँपालिकाका जनप्रतिनिधिहरुको चरम लापर्वाही र भागबन्डा नमिलेको कारण गाउँसभा हुन नसकेकोले कर्मचारीहरुलाई समस्या देखिएको छ। गाउँ सभा नगरि तीन महिना र दशै खर्च सहित चार महिना को तलब नखुवाएमा गाउँपालिकामा आईतबार देखि ताला बन्दी गर्ने चेतावनी शिक्षक महासंघ नेपाल का धोबिनी गाउँपालिका अध्यक्ष आरिफ मियाँले जनाए का छन । धोबिनी गाउँपालिका भरिमा रहेको सयौको संख्यामा रहेको शिक्षक, शिक्षिका, बालबिकास, बिधालय लेखापाल ,कर्यालय सहयोगीहरुलाई समयमा




तलब नखुवाएकोले सबैमा समस्या देखिएकोले बाध्य भएर यस्तो कदम उठाउने अध्यक्ष मियाँले बताएका छन् ।कति शिक्षक हरु बाहिरको रहेकोले दशैमा ठूलो पर्वको रुपमा मनाईने गर्छन तर दशैको मुखमा बिना तलब घर जाँदा कसरी चाडपर्व मनाउने शिक्षकहरुको गुनासो लाई मध्यनजर गर्दै यो कदम लिने बाध्य भएको बताएका छन् । गाउँपालिकाका जनप्रतिनिधिहरुले आपसी भागभन्डाको कारण गाउँ सभा गररहेको छैन ।आपसी बिबादमा कर्मचारी लगायत शिक्षक हरुलाई समस्यामा पारेका छन । गाउँ सभाको बिषयमा गाउँपालिका प्रमुख प्रसाशकिय अधिकृत कृष्ण प्रसाद खतिवडा संग कर्मचारी ,शिक्षकहरुको तलबको बारेमा जानकारी लिदा नेपाल सरकारको नियम छ कि जब सम्म गाउँ सभा हुदैन सब सम्म कुनै निकायको तलब भत्ता खुवाउन नमिलने अधिकृत खतिवडाले बताएका छन् । जनप्रतिनिधिहरुले सहमती गरि आएमा गाउँ सभा गराएर तलब भत्ताको प्रक्रिया अगाडि बढाउने बताए । गाउँ सभा नहुँदा अहिले दशैको मुखमा गाउँपालिका भरिका कर्मचारीहरु, शिक्षा, स्वास्थ्य, कृषि ,लगायत सयौ कर्मचारीहरु तलब खान बाट बंचित भएका छन । दशैको समयमा सबै भन्दा बढि पहाडी समुदायले मनाउने गर्छन तर शिक्षक र स्वास्थ्यमा कार्यरत कर्मचारीहरु समयमा तलब नपाएर रितो हाथ घर जाने एक जना शिक्षकले जनाएका छन । शिक्षकले भने तिन महिनाको तलब र दशै खर्च रोकिएको छ। तीन महिना देखि पसल बाट उधारो लिएर खाई रहेको छु ।यदि समयमा उसको उधारो पैसा दिएन भने उधारो पनि नदिने पसल साहुहरुको भनाई सुनेर शिक्षकहरु चिन्तित भएको गुनासो सुनेर नेपाल शिक्षक महासंघका धोबिनी गाउँपालिका अध्यक्ष मियाँले सक्रिय भएका छन ।

# पर्सामा गोली प्रकरण : तीनजना पक्राउ, घाइतेको उपचार हुदै

***बीरगंज, १० असोज***

पर्साको छिहपरमाई गाउँपालिका- ५ भिस्वामा बिहीबार बेलुकी एक किशोरमाथि गोली प्रहार भएको घटनामा संलग्न रहेको आशंकामा प्रहरीले तीनजना किशोरलाई नियन्त्रणमा लिएको छ ।

भिस्वामा गाउँपालिका कार्यालय पछाडिको सडकमा अपरिचित समूहको गोली प्रहारबाट भिस्वाकै १६ वर्षीय गोलु आलम घाइते भएका थिए । तिघ्रामाथि गोली लागेका उनको हाल वीरगंजको नारायणी अस्पतालमा उपचार जारी रहेको छ ।



गोलु आलमलाई गोली हान्ने घटनामा संलग्न रहेको आशंकामा स्थानीय तीनजना किशोरलाई बिहीबार राति नै नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिएका छन् ।

गोलसलाई कस्ले र किन गोली हानेको भन्ने यकिन कारण भने अहिलेसम्म पनि खुल्न नसकेको उनले बताएका छन् । उनले भने,'गोली लाग्ने र अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएका सबै जना किशोरावस्था का रहेका छन् । गाउँमा उनीहरूको चालचलन र आचरण त्यति राम्रो नभएको सुनिएको छ । यसबारेमा हामीले घाइते गोलुसँग पनि बयान लिइरहेका छौं । अनुसन्धानकै क्रममा रहेकाले अहिले गोली हान्ने कारण बारे यकिन गर्न सकिएको छैन ।'

उता अस्पतालमा उपचाररत गोलुले भने बिहीबार साँझ गाउँपालिका कार्यालय पछाडिको सडक हुँदै आफू घरतर्फ जाँदै गरेका बेला केहि संख्यामा रहेका युवकबिच विवाद भइरहेका बेला चलेको गोली आफूलाई लाग्न पुगेको बताएका थिए ।

स्थानीय प्रत्यक्षदर्शीहरुका अनुसार, झलमहियाका किशारी र युवतीहरू भिस्वा बजारबाट घरतर्फ जाने क्रममा बाटोमा भिस्वाका किशोर र युवाहरूले जिस्क्याउने,छेडखानी गर्ने हर्कत गर्दै आएका थिए । त्यसै विषयलाई लिएर भिस्वा र झलमहियाका स्थानीय केहि व्याक्तिहरूबीच बिहीबार बेलुकी विवाद भइरहेका बेला गोली चलेको स्थानीय प्रत्यक्षदर्शीहरू बताउँछन् ।

# सिआइबीलाई ठुला मुद्दा निष्पक्ष रूपमा छानबिन गर्न गृहमन्त्रीको निर्देशन

***काठमाडौं, १० असोज***

गृहमन्त्री ओमप्रकाश अर्यालले विभिन्न ठूला मुद्दाहरूको अनुसन्धान निष्पक्ष ढंगबाट अगाडि बढाउन प्रहरीलाई कडा निर्देशन दिनुभएको छ ।

शुक्रबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) कार्यालयको निरीक्षण गर्न पुगेका मन्त्री अर्यालले राजनीतिक कनेक्सनका आधारमा रोकिएका सबै फाइल तत्काल अघि बढाउन निर्देशन दिनुभएको हो । निरीक्षणपश्चात् गृहमन्त्री अर्यालले पत्रकारहरूसँग कुरा गर्दै भन्नुभयो, “सबै फाइलको ‘ब्रेक थ्रू’ हुन्छ। राजनीतिक दबाबका कारण रोकिएका फाइलहरू अघि बढ्छन् ।” उहाँले अब कुनै पनि अनुसन्धानमा राजनीतिक हस्तक्षेप नहुने प्रतिबद्धता



व्यक्त गर्नुभयो। सीआईबीको नेतृत्वमा केही दिनअघि मात्रै सरकारले एआईजी मनोज केसीलाई ल्याएको छ । गृहमन्त्रीको यो निर्देशनलाई सीआईबीको नयाँ नेतृत्वलाई काम गर्ने वातावरण सिर्जना गर्ने र वर्षौंदेखि अल्झिएका संवेदनशील मुद्दाहरू टुङ्गो लगाउने सरकारी इच्छाशक्तिको रूपमा हेरिएको छ । गृहमन्त्रीको यो निर्देशनले अब ठूला भ्रष्टाचार र आपराधिक मुद्दाहरूको अनुसन्धानले गति लिने अपेक्षा गरिएको छ ।

# स्वीकृत दरबन्दीबाहेक अस्थायी तथा करार कर्मचारी राख्न नपाइने, शिक्षकको हकमा लागू नहुने

***काठमाडौं, १० असोज***

स्थानीय तहहरूले स्वीकृत दरबन्दीबाहेक अस्थायी,करार कर्मचारी राख्न नपाउने भएका छन् । शुक्रबार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले एक सूचना जारी गर्दै शिक्षकहरूको हकमा भने उक्त विषय लागू नहुने भएको हो ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको २०८२/६/७ को अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा भएको प्रेस विज्ञप्तिको बुँदा नं (५) को सङ्गठन संरचना सुधार अन्तरगतको बुँदा (ज) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी




तथा करारमा कर्मचारी राख्न नपाउने। भन्ने उल्लेख भएकोमा कतिपय स्थानीय तह र विद्यालयबाट करार शिक्षकको सन्दर्भमा के हुने भन्ने सोधनी भइरहेकाले उक्त बुँदा शिक्षकको हकमा आकर्षित नहुने व्यहोरा निर्देशानुसार अनुरोध छ,' भक्तबहादुर गोदारद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ । सँम्भार: रातोपाटी

# पूर्व राजनीतिक नेता तथा कर्मचारीको सुविधा कटौतीः सवारी र सुरक्षाकर्मी फिर्ता गर्न निर्देशन

***काठमाडौं, १० असोज***

सरकारको खर्च कटौती अभियानमा पूर्व राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सवारी र सुरक्षाकर्मी फिर्ता लिइने भएको छ ।

नेपाल सरकारले अनुत्पादक खर्च कटौती गर्दै राज्यको ढुकुटीमा मितव्ययिता कायम गर्ने उद्देश्यले महत्त्वपूर्ण निर्णय गरेको हो ।

अबदेखि सेवा निवृत्त भइसकेका पूर्व राजनीतिक तथा प्रशासनिक पदाधिकारीहरूलाई कानुन र स्वीकृत मापदण्डभन्दा बाहिर दिइएका सम्पूर्ण सुविधाहरू कटौती गरिने भएको छ ।

सरकारले अनुत्पादक खर्च कटौती गर्दै मितव्ययिता कायम गर्ने उद्देश्यले सेवा निवृत्त भइसकेका पूर्व राजनीतिक तथा प्रशासनिक पदाधिकारीहरूलाई दिएको सुविधा कटौती गरेको छ ।

मन्त्रिपरिषद् बैठकले असोज ५ गते गरेको निर्णयअनुसार सेवा निवृत्त भइसकेका पूर्व राजनीतिक तथा प्रशासनिक पदाधिकारीहरूलाई सवारी



र सुरक्षाकर्मी फिर्ता गराउन अर्थ मन्त्रालयले गृह र रक्षा मन्त्रालयलाई कार्यान्वयनका लागि पत्राचार गरेको छ ।

सरकारको निर्णय अनुसार अबदेखि पूर्व पदाधिकारीहरूलाई प्रचलित कानुनमा उल्लेख भएका र स्वीकृत मापदण्ड बमोजिमका सेवा सुविधा मात्र प्रदान गरिने भएको छ । यो कदमले राज्यको स्रोत साधनको दुरुपयोग रोक्न र सरकारी खर्चलाई थप पारदर्शी तथा जिम्मेवार बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

गृह र रक्षा मन्त्रालयले अब आफ्नो क्षेत्राधिकारभित्रका पूर्व पदाधिकारीहरूलाई दिइएका अतिरिक्त सुविधा फिर्ता लिने प्रक्रिया अघि बढाउनेछन् ।

# चाडपर्वमा अपराध नियन्त्रण गर्न पर्सा प्रहरीले कडा सुरक्षा योजना लागू, ११ सय प्रहरी परिचालन

***बीरगंज, १० असोज***

चाडपर्व नजिकिँदै गर्दा पर्सा प्रहरीले सम्भावित अपराध नियन्त्रण गर्न विशेष सुरक्षा योजना सार्वजनिक गरेको छ। दशैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै तयार पारिएको यो सुरक्षा योजना असोज ६ गतेदेखि लागू भइसकेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी सुदीपराज पाठकका अनुसार, सुरक्षा योजनाअन्तर्गत जिल्लाभर ११ सय प्रहरी परिचालन गरिएको छ । मुख्य बजार, मठमन्दिर, बैंक तथा वित्तीय संस्थाहरू, साथै संवेदनशील क्षेत्रमा छुट्टै प्रहरी टोली परिचालन गरिएको छ। एसपी पाठकका अनुसार, चाडपर्वको भीडभाड र जेनजी आन्दोलनको आडमा आपराधिक गतिविधि बढ्ने सम्भावनालाई मध्यनजर गर्दै मोबाइल गस्ती, पेट्रोलिङ, सरप्राइज चेकिङ, र सादा पोसाकमा प्रहरी परिचालन गरिएको




छ । उनले भने, “कुनै पनि घटनाको सूचना पाउनासाथ १० मिनेटभित्र प्रहरी घटनास्थलमा पुग्ने व्यवस्था मिलाइएको छ। यसको लागि क्विक रेस्पोन्स टिम (**QRT**) तयारी अवस्थामा राखिएको छ ।” भारतसँगको खुला सीमाका कारण चोरी, लुटपाट, हतियार दुरुपयोग र सीमा अपराधको जोखिम उच्च रहेको भन्दै सिसिटिभी निगरानी, शंकास्पद व्यक्तिहरूको निगरानी, र सूचना संकलनलाई उच्च प्राथमिकतामा राखिएको छ । एसपी पाठकले स्पष्ट शब्दमा भने,“जेनजीको नाममा अपराध गर्ने जो कोही भए पनि कानुनी कठघरामा उभ्याइनेछ । कानुन उल्लंघनमा संलग्न कसैलाई छुट दिइने छैन । आवश्यक परे मेरो जागिर जाओस्, तर अपराधीमाथि कारबाही हुन्छ ।” प्रहरीले कुनै घटना वा आपराधिक गतिविधि देखेमा १०० नम्बरमा तुरुन्त खबर गर्न नागरिकहरूलाई अनुरोध गरेको छ । समुदायसँग सहकार्य गरेर शान्तिपूर्ण चाडपर्व मनाउने वातावरण बनाउने उद्देश्यसहित प्रहरी सतर्क रहेको जनाएको छ । रेस खबर

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा